जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४४ | २०८३ साल बैशाख ०६ गते आईतवार | Sunday-19-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## पर्साका सीमा नाका तस्करहरुको अखडा : घुमुवा मार्फत रकम असुलीको आरोप, सुरक्षा संयन्त्रमै प्रश्न

***शु.आ. सम्बाददाता***
***पर्सा, ५ बैशाख***

पर्सा जिल्लाका सीमावर्ती नाकाहरू पछिल्लो समय तस्करहरूको 'सुरक्षित मार्ग'का रूपमा विकसित हुँदै गएको आरोप सार्वजनिक हुन थालेको छ। राजस्व चुहावट नियन्त्रण र सीमा सुरक्षा कडाइ गर्ने जिम्मेवारी पाएको सुरक्षा निकायमाथि नै घुमुवामार्फत रकम असुलीमा संलग्न रहेको गम्भीर आरोप उठेपछि स्थिति थप चिन्ताजनक बनेको छ।

स्थानीय स्रोत र सरोकारवालाहरूका अनुसार, तस्करी नियन्त्रणका लागि कडाइ गर्ने सरकारी घोषणाबीच पनि पर्साका विभिन्न नाकाबाट चोरी तस्करी, अवैध सामान ओसारपसार तथा लागूऔषध कारोबार निर्बाध रूपमा चलिरहेको छ। यसले सुरक्षा संयन्त्रमै कमजोरी वा मिलेमतो भएको आशंका बलियो बनाएको छ।

सुरक्षा निकायभित्रैबाट प्राप्त सूचनाअनुसार, सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत १३ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीको नेतृत्वमा सादा पोशाकमा 'घुमुवा' खटाई सीमा नाकाबाट रकम संकलन हुने गरेको आरोप छ। जबकि सशस्त्र प्रहरी बल नेपालका प्रमुख राजु अर्याल ले सादा पोशाकमा खटिने यस्ता घुमुवा प्रणाली




तत्काल बन्द गर्न निर्देशन दिइसकेका छन्।

तर व्यवहारमा भने उक्त निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन नभएको देखिन्छ। स्रोतका अनुसार, सशस्त्र प्रहरी सहायक हवल्दार रिसिकान्त साह र सशस्त्र प्रहरी जवान राजाबाबु साहमार्फत विभिन्न नाकाबाट नियमित रूपमा रकम उठाइने गरेको दाबी गरिएको छ। यी दुवैलाई विगतदेखि नै विवादित 'घुमुवा'का रूपमा चिनिँदै आएको बताइन्छ।

पर्साका श्रीसिया, ड्राइपोर्ट, अलौ, अमरपट्टि, भिखमपुर, मिर्जापुरलगायत क्षेत्रहरूबाट दैनिक रूपमा ठूलो मात्रामा तस्करी हुने गरेको स्थानीयहरूको भनाइ छ। खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्स सामानदेखि लागूऔषधसम्म अवैध रूपमा ओसारपसार भइरहेको आरोप छ।

यता भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले समेत केही नाकाबाट लागूऔषध ओसारपसार भइरहेको पुष्टि गरेको स्रोतको दाबी छ। यसले सीमा सुरक्षामा अन्तरदेशीय समन्वय र निगरानी दुवै कमजोर रहेको संकेत गर्छ।

सरकारका तर्फबाट सीमा सुरक्षा सुदृढ बनाउने, थप सशस्त्र प्रहरी परिचालन गर्ने तथा तस्करी नियन्त्रणमा कडाइ गर्ने योजना सार्वजनिक भइरहेका बेला वास्तविक अवस्था भने उल्टो देखिनुले गम्भीर प्रश्न उठाएको छ। गृहमन्त्री सुदन गुरूङ्ग तथा सुरक्षा निकाय प्रमुखहरूको ध्यान यसतर्फ जानुपर्ने स्थानीयको माग छ।

स्थानीय एक व्यवसायी भन्छन्, "सीमामा सुरक्षाकर्मी त छन्, तर तस्करी झन् खुलेआम भइरहेको छ। यदि निगरानी कडा हुन्थ्यो भने यस्तो अवस्था आउने थिएन।"

*बाँकी तेश्रो पृष्ठमा*

## बारागढीमा जनदबाब, कोल्हबीमा गुटबन्दी : रास्वपा भित्र आन्तरिक द्वन्द्व सतहमा

***नवीन चौधरी***
***बारा, ०५ बैशाख***

बारा जिल्लाको बारागढी गाउँपालिकामा पछिल्लो समय जनताको सक्रियता उल्लेखनीय रूपमा बढेको छ। सार्वजनिक जग्गा अतिक्रमण र शिक्षक व्यवस्थापनजस्ता विषयमा असन्तुष्टि जनाउँदै स्थानीयवासीले केही दिनअघि गाउँपालिका कार्यालयमा तालाबन्दी गरी प्रत्यक्ष दबाब सिर्जना गरेका थिए। गाउँपालिका अध्यक्ष अशोक जैसवालले समस्या समाधान गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन अस्थायी रूपमा स्थगित गरिएको भए पनि जनआक्रोश भने अझै मत्थर भएको छैन। बैशाख ४ गते पुनः ज्ञापनपत्र बुझाउँदै आन्दोलनको चेतावनी दिइनुले बारागढीका जनता अब अन्याय र बेथितिविरुद्ध खुलेर उभिन थालेको संकेत गरेको छ।

यता, कोल्हवी नगरपालिकामा भने परिवर्तनको नारा बोकेकाहरूबीचै विभाजन देखिन थालेको छ। एक समूह जनताको पक्षमा अनुगमन र खबरदारीमा सक्रिय देखिएको छ भने अर्को समूह सत्तासँग निकट रहँदै त्यस्ता गतिविधिलाई कमजोर पार्न खोजिरहेको आरोप लाग्न थालेको छ।




हालै सरकारी कार्यालयको समय परिवर्तनपछि अनुगमनमा खटिएका केही युवामाथि आफ्नै दलभित्रबाट सामाजिक सञ्जालमार्फत आलोचना हुनु, उनीहरूको भूमिकामाथि प्रश्न उठाइनु र पार्टीकै नाममा खण्डन गरिनुले कोल्हबीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र गहिरिँदै गएको शक्ति संघर्ष उजागर गरेको छ।

घटनाक्रमअनुसार, रास्वपा कोल्हबी वडा नं. १० मा सर्वसम्मत रूपमा वडा समिति गठन गरिएको सूचना सार्वजनिक भएपछि बारा क्षेत्र नं. १ का सांसद गणेश धिमाल निकट मानिएका केही व्यक्तिहरूले उक्त समिति अवैधानिक भएको दाबी गर्दै सामाजिक सञ्जालमा प्रचार गरेका थिए। सो दाबी आधिकारिक लेटरप्याड वा हस्ताक्षरबिनै सार्वजनिक गरिएकाले थप विवाद सिर्जना भएको हो।

यसैबीच, नगर संयोजक जितन प्रसाद चौधरीको नेतृत्वमा संगठन विस्तार भइरहेका बेला आफूलाई नगर सभापति दाबी गर्ने सारजङ्ग थापाले सञ्चारमाध्यमलाई आफ्नो धारणा बिना समाचार प्रकाशन नगर्न दबाब दिएको आरोप समेत लागेको छ। यसलाई आन्तरिक लोकतन्त्रभन्दा व्यक्तिगत प्रभुत्व हाबी हुने प्रवृत्तिको संकेतका रूपमा हेरिएको छ।

स्थानीय तहको निर्वाचन नजिकिँदै जाँदा नगर प्रमुखको टिकट प्राप्त गर्ने उद्देश्यले गुटबन्दी तीव्र बन्दै गएको

*बाँकी तेश्रो पृष्ठमा*

## झगडा छुट्याउन गएका अध्यक्षमाथि निर्घात कुटपिट

***शु. आ. सम्बाददाता***
***रौतहट, ०५ बैशाख***

जिल्लाको कटहरिया नगरपालिकामा झगडा छुट्याउन गएका एक व्यक्तिमाथि युवाहरूको समूहले निर्घात आक्रमण गरेको घटना सार्वजनिक भएको छ। कटहरिया नगरपालिका ५ धनलक्ष्मी प्राविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ५० वर्षीय दिनानाथ साह कलवारमाथि शुक्रबार साँझ करिब ७:३० बजे सामूहिक कुटपिट भएको हो।

बजारबाट फर्किने क्रममा विवाह भवन अगाडि सामान्य भनाभन भइरहेका युवाहरूलाई छुट्याउन जाँदा उनीमाथि आक्रमण भएको पीडितले बताएका छन्। आक्रमणका क्रममा टाउकोमा गम्भीर चोट लागेर ५ वटा टाँका लगाउनुपरेको प्राथमिक स्वास्थ्य केन्द्र कटहरियाका चिकित्सक सन्तोष रौनियारले जानकारी दिएका छन्। आक्रमणमा उनको आँखामा समेत चोट लागेको छ।

घटनामा संलग्न आरोपमा कटहरिया ५ का पारसनाथ यादवको छोरा २२ वर्षीय राधे भनिने आरएन अधिकारी र सुरेन्द्र साह सनारको छोरा २० वर्षीय सतिश साह पक्राउ परेका छन् भने अन्य दुई जना फरार रहेका छन्।

सामान्य विवादपछि फोन गरेर थप युवाहरू बोलाई समूहिक रूपमा आक्रमण गरिएको बताइएको छ।

स्थानीयका अनुसार उक्त युवाग्याङ



लामो समयदेखि गाँजा-रक्सी सेवन गर्ने साइलेंसर खोलेर मोटरसाइकल आतंक मच्चाउने, छुरा बोक्ने तथा सार्वजनिक रूपमा महिलामाथि दुर्व्यवहार गर्ने जस्ता गतिविधिमा संलग्न रहँदै आएको छ। उनीहरूको डरका कारण गाउँलेहरू बोल्नसमेत नसक्ने अवस्था

*बाँकी तेश्रो पृष्ठमा*

## एकै रात तीन घरमा चोरी : देवापुर टोलमा त्रास, प्रहरीद्वारा खोजी तीव्र

***सिकिन्द्र साह***
***बारा, ०५ बैशाख***

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका-१० अन्तर्गत देवापुर टेटा टोलमा शुक्रबार राति एकैपटक तीन घरमा चोरी भएको छ। मध्यराति भएको घटनाले स्थानीय बासिन्दामा त्रास फैलिएको छ।

पीडितहरूका अनुसार राति करिब १२ बजेदेखि १ बजेको बीचमा चोरको समूहले घरको पछाडिबाट माटो खनेर प्वाल बनाई घरभित्र प्रवेश गरेको थियो। त्यसपछि घरभित्र रहेका सुन, चाँदी तथा नगद रकम चोरी गरी फरार भएको बताइएको छ।

चोरीबाट पीडित गान्धी प्रसाद यादवले छोरीको विवाहका लागि ऋण काढेर जोहो गरेको सामग्रीसमेत चोरी भएपछि आफू गम्भीर मर्माहत भएको बताए। उनका अनुसार विवाहका लागि संकलन गरिएका बहुमूल्य सामग्री गुम्दा परिवार थप समस्यामा परेको छ। यसैगरी सोही टोलका रामपृत राय यादव र मदन प्रसाद यादवको



घरमा पनि चोरी भएको वडा अध्यक्ष राजकुमार यादवले जानकारी दिएका छन्। तीनै घरलाई लक्षित गरी योजनाबद्ध रूपमा चोरी गरिएको स्थानीयको आशंका छ।

घटनापछि इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट सई सुन्दर कान्त मिश्र को कमाण्डमा प्रहरी टोली खटिएको छ। प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य तीव्र पारेको जनाएको छ। लगातार बढ्दै गएको चोरीका घटनाले स्थानीयवासीमा असुरक्षा बढाएको छ। उनीहरूले राति गस्ती बढाउन तथा सुरक्षा व्यवस्था कडा बनाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### डिजेल महँगो, बाली सस्तो : बाराका किसान दोहोरो मारमा

बारा जिल्लाका किसानहरु अहिले गम्भीर आर्थिक संकटबाट गुज्रिरहेका छन् । डिजेलको मूल्य निरन्तर बढ्दै जाँदा सिँचाइ, जोताइ र ढुवानीजस्ता कृषि कार्यको लागत उच्च भएको छ । तर यसको विपरीत अन्नबालीको बजार मूल्य भने घट्दै जाँदा किसानहरु घाटामा खेती गर्न बाध्य भएका छन् ।

विशेषगरी मकै र धानजस्ता बालीमा लागत र बिक्री मूल्यबीच ठूलो अन्तर देखिएको छ । किसानहरुका अनुसार प्रतिक्विन्टल ४ हजार रूपैयाँसम्म पर्नुपर्ने मकै ३ हजार रूपैयाँभन्दा कममै बेच्नुपर्ने अवस्था छ । यसले किसानको लगानी नै जोखिममा पारेको छ ।

अर्कोतर्फ, उत्पादनपछि बजार व्यवस्थापनको अभावले समस्या झन् गहिरिएको छ । सहकारी संस्थाहरुमा भण्डारण गरिएको धान बिक्री हुन नसक्दा कुहिन थालेको छ । मल अभावले उत्पादन प्रक्रियामा समेत असर पुर्‍याएको छ । सरकारले इन्धनमा सहुलियत, मलको सहज आपूर्ति र कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न नसक्दा किसानहरुमा निराशा बढ्दै गएको छ । यदि समयमै नीतिगत सुधार गरिएन भने कृषि क्षेत्रप्रति आकर्षण घट्दै जाने र खाद्य उत्पादनमै दीर्घकालीन असर पर्ने खतरा देखिन्छ ।

कृषि क्षेत्रको संरक्षण र किसानको हितका लागि तत्काल व्यवहारिक र प्रभावकारी नीति आवश्यक देखिन्छ ।

# बारामा दोस्रो आर्थिक गणना सुरू, संकलित तथ्याङ्कको व्यक्तिगत विवरण गोप्य



राष्ट्रिय आर्थिक गणना २०८२ को स्थलगततथ्याङ्क संकलन कार्य देशभरि सँगै बारा जिल्लामा समेत २०८२ बैशाख २ गतेदेखि सुरु भएको छ ।
जिल्ला आर्थिक गणना कार्यालय, बाराका जिल्ला आर्थिक गणना अधिकारी श्री राजेश दासका अनुसार "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासाथ देशको समग्र आर्थिक अवस्थाको तथ्याङ्कीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न राष्ट्रिय आर्थिक गणना गर्न लागिएको हो ।
स्थलगत गणना २०८३वैशाख २गतेदेखि २०८३असार७गतेसम्म चल्ने छ । यो दोस्रो राष्ट्रिय आर्थिक गणना हो । यसै सन्दर्भमा जिल्ला आर्थिक गणना कार्यालय, बाराले सरोकारवालाहरू बिच २०८२ चैत १९ गतेजिल्लास्तरीय तथा२०८२ चैत २० गते पालिकास्तरीय अन्तर्क्रिया गरी आर्थिक गणना सहजीकरण गर्न आग्रह गरेको थियो ।
आर्थिक गणना प्रयोजनका लागि २०८२ चैत१ गतेदेखि २०८३असार मसान्तसम्म रहने गरी जिल्ला आर्थिक गणना कार्यालय, बारा स्थापना गरी सञ्चालनमा ल्याएको छ ।
आर्थिक गणनाबाट प्राप्त विवरणका आधारमा आ.व. २०८३/८४ सुरु देखि नै तथ्याङ्क प्रशोधन र विश्लेषण गरी नतिजा सार्वजनिक गर्ने तयारी राष्ट्रिय तथ्याङ्क कार्यलय, थापाथली, काठमाडौंको रहेको छ ।
जिल्ला आर्थिक गणना कार्यालय, बाराका अनुसार राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, सेवा क्षेत्र, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको संख्या, भौगोलिक वितरण, रोजगारी, उत्पादन र सेवा प्रवाह सम्बन्धी विवरण संकलन हुँदैछन् ।

*किन गरिन्छ आर्थिक गणना ?*

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशको आर्थिक संरचना बुझ्न, रोजगारीको अवस्था थाहा पाउन र भविष्यका आर्थिक योजनाहरू बनाउन आर्थिक गणना गर्न लागेको जनाएको छ ।
यस गणनाले देशभरिका सबै उद्योग, व्यापार, सेवा क्षेत्र र साना-ठूला व्यवसायको विवरण संकलन गर्ने कार्यालयले जनाएको छ । देशभरिका उद्यमी तथा व्यवसायीले दिएको तथ्याङ्कले नै देशको समृद्धिको बाटो तय गर्ने हुनाले सही र पूर्ण विवरण उपलब्ध गराउन कार्यालयले सबैलाई अनुरोध पनि गरेको छ ।
गणनामा संकलन हुने व्यक्तिगत वा व्यावसायिक विवरणहरूतथ्याङ्क ऐन, २०७९बमोजिम पूर्णरूपमा गोप्य रहने र त्यसलाई केवल योजना तर्जुमा र सांख्यिकीय प्रयोजनका लागिमात्र प्रयोग गरिने पनि कार्यालयले जनाएको छ ।
आर्थिक गणनातथ्याङ्कले नीतिनिर्माता, लगानीकर्ता र समुदायलाई तथ्याङ्कमा आधारित निर्णय गर्न मद्दत गर्ने कार्यालयको भनाइ छ ।
गणनाका आधारमा देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) अनुमान अझ सुदृढ हुने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यकतथ्याङ्क उत्पादन गर्ने र सरकारले तय गर्ने नीति निर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्य मापनमा सहयोग गर्ने उद्देश्य समेत राखिएको छ ।
राज्यले लिने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा अति आवश्यक विवरण समेत यस गणनाका माध्यमबाट प्राप्त हुनेछन् ।
कार्यालयका अनुसार गणना देशको आर्थिक तथ्याङ्कको विश्वसनीय पद्धति विकासको आधारस्तम्भका रूपमा रहने छ ।

*कुन-कुन क्षेत्रमा हुँदैछ गणना ?*

अहिले अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार क्षेत्रहरूलाई २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुर्‍याएको योगदान मापन हुँदै आएको छ ।
राष्ट्रिय आर्थिक गणनामा ती २१ वर्गीकरणमध्ये १८ क्षेत्रको आधारभूत विवरण संकलन गरिँदै छ । जसमा दर्ता भएका र नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगारमा सञ्चालन रहेका, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय, गैरसरकारी संघसस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल लगायत आर्थिक क्रियाकलाप सञ्चालन गरिरहेका एकाइमा यो गणना सञ्चालन हुँदैछ ।
कार्यालयका अनुसार यस गणनामा अन्तर्राष्ट्रिय कूटनीतिक नियोग, सार्वजनिक प्रशासन र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय/निकाय, सुरक्षा निकाय, सामान्य घरायसी क्रियाकलाप गर्ने निकायलाई भने गणनामा समेटिने छैन ।
स्थलगत गणनामा बारामा जनशक्ति गणना सम्पन्न गर्न ७७ जिल्लामा ८४जिल्लाआर्थिकगणनाकार्यालय देशभरीस्थापनागरिएकाछन् ।बारा जिल्लामा ७५तालिमप्राप्त जनशक्ति मध्ये ६६ जनागणकतथा९ जना सुपरिवेक्षक स्थलगत तथ्याङ्क संकलनका लागि २०८३ बैशाख २ गते देखि प्रतिष्ठान/व्यवसाय स्थलमा खटिएका छन् ।
यसबीच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सार्वजनिक अपिल गर्दै आर्थिक गणनामा भाग लिनसरोकारवालालाई आह्वान गरेका छन् । केन्द्र, प्रदेश र जिल्लामा समन्वय समिति गठन गरिएको कार्यालयले जनाएको छ ।
स्थानीय तह समन्वय समिति र वडा सहजीकरण समिति गठन गरी सक्रिय बनाइएको छ । कार्यालयले सबै स्थानीय तह र वडा कार्यालयमा सहयोग, समन्वय र सहजीकरणका लागि पत्राचार गरेका छन् ।

*अनलाइनबाट समेत भर्न सकिने छ विवरण*

कार्यालयका अनुसार यस गणनालाई अनलाइनबाट समेत विवरण भर्न सकिने गरी सहजीकरण गरिएको छ ।
गणनासँग सम्बन्धित प्रशासनिक तथा प्राविधिक विषयका सामग्री प्राप्त गर्न सकिने गणनाको लागि वेबपेज भअ.लकयलभउबा.नयख.लउ सार्वजनिक गरिएको छ ।
अनलाइन वा डिजिटल प्रविधिबाट गणनामा सहभागी हुन चाहने उत्तरदाताका लागि "ई-सेन्सस प्ल्याटफर्म" निर्माण तथा सञ्चालनमा ल्याइएको कार्यालयले जनाएको छ ।
भौगोलिक सूचनाका माध्यमबाट गणना क्षेत्र पहिचानका लागि डिजिटल रूपमा नक्सा प्रयोग गर्न सकिने पोर्टल **gis.nsonepal.gov.np** निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
गणना भएका प्रतिष्ठानको दैनिक जानकारी प्राप्त गर्न प्रविधिमा आधारित रिर्पोटिङ सिस्टम तयार पारिएको समेत कार्यालयको भनाइ छ । स्थलगत कार्यमा आइपर्ने समस्या तत्काल समाधान गर्न केन्द्रमा ड्यासबोर्ड सहितको कन्ट्रोल रुम तयार पारिएको छ। अनुगमन तथा निरीक्षण कार्य गर्नसमेत अनलाइन प्रणाली व्यवस्थापन गरिएको कार्यालय जनाएको छ ।
कार्यालयका अनुसार यस गणनामा अन्तर्राष्ट्रिय कूटनीतिक नियोग, सार्वजनिक प्रशासन र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय/निकाय, सुरक्षा निकाय, सामान्य घरायसी क्रियाकलाप गर्ने निकायलाई भने गणनामा समेटिने छैन ।
यसबाहेक कार्यालयले टोल फ्रि नम्बर ११७८ बाट समेत गुनासो टिपाउन सकिने व्यवस्था गरेको छ। कार्यालयले उत्तरदाताबाट संकलन गरिएका विवरणतथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राख्ने छ ।
यस्तातथ्याङ्क सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनका लागिमात्र प्रयोग गरिने समेत कार्यालयले स्पष्ट पारेको छ । व्यक्तिगत वा संस्थागत पहिचान खुल्ने गरी गणनामा लिइएको तथ्याङ्कको विवरण सार्वजनिक गरिँदैन । साथै, कुनै पनि निकायलाई उपलब्ध नगराइने समेत कार्यालयले जनाएको छ।

ई-सेन्ससमा कसरी भर्न सकिन्छ विवरण?

कार्यालयले अनलाइनबाटै आफ्ना विवरण भर्न सकिने गरी औद्योगिक प्रतिष्ठानहरूलाई सहज बनाइदिएको छ । यसपालि **ecensus.nsonepal.gov.np** मा लगइन गरी गणकले उपलब्ध गराएको युजर नेम र पासवर्ड प्रयोग गरी पोर्टलमा एक्सेस पाउने व्यवस्था मिलाइएको छ । त्यसपछि पासवर्ड परिवर्तन गरी विवरण भर्न सकिने सुविधा दिइएको छ ।

पहिलो आर्थिक गणनामाबाराको नतिजा के थियो ?

राष्ट्रिय तथ्याङ्क कार्यालयले यसअघि प्रथम आर्थिक गणना २०७५ सालमा गरेको थियो। त्यसबेला बारा जिल्लामा १२ हजार ४ सय ४९ प्रतिष्ठान रहेको देखिएको थियो ।
जसमध्ये ४हजार७ सय ३६ प्रतिष्ठान मात्र दर्ता थिए ।
जिल्लाभरि ४८ हजार ७ सय २४ जनशक्ति आर्थिक क्रियाकलापमा संलग्न रहेको देखिएको थियो । कुल १८ वटै क्षेत्रमा आर्थिक गणना गरिएको थियो। देशभरि विनादर्ता सञ्चालनमा रहेका प्रतिष्ठान ६१.९६ प्रतिशत रहेको देखिएको थियो ।
उक्त गणनाले सबैभन्दा धेरै प्रतिष्ठान थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकल मर्मतमा रहेको देखाएको थियो ।






समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# ट्रम्पलाई नोबेल शान्ति पुरस्कार उपहार दिएकोमा पश्चाताप छैन : मचाडो

***मड्रिड*** – गत बर्षको नोबेल शान्ति पुरस्कार विजेता भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पुरस्कार उपहार दिएकोमा आफूलाई कुनै पछुतो नभएको बताएकी छन् ।

उनले भनिन्, 'भेनेजुयलाको स्वतन्त्रताका लागि आफ्नो देशको ज्यान जोखिममा पार्ने विश्वमा एक नेता र राष्ट्रप्रमुख हुनुहुन्छ। भेनेजुयलामा प्रजातन्त्र स्थापनाका लागि उहाँको प्रतिवद्धताका लागि आफूलाई प्राप्त पुरस्कार उपहार दिएकोमा मलाई पश्चाताप हुने कुनै कुरा नै छैन ।'

माचाडोले भनिन्, 'अमेरिकी लागूपदार्थको आरोपमा न्यूयोर्कमा हिरासतमा रहेका मदुरोलाई पदच्युत गर्न गरेको ट्रम्पको सैन्य अभियान 'हामी भेनेजुएलीहरूले कहिल्यै बिर्सने छैनौं'।त्यसैले ट्रम्पलाई नोबेल पदक उपहार दिएकोमा मलाई कुनै पछुतो छैन ।'




मचाडोले अमेरिकी सेनालाई काराकासमा आक्रमण गर्न र भेनेजुएलाका नेता निकोलस मदुरोलाई पदच्युत गर्न आदेश दिएको दुई हप्तापछि ह्वाइट हाउसमा राष्ट्रपति ट्रम्पसँगको भेटमा उनले आफूलाई प्राप्त भएको नोबेल पुरस्कारको उपाधि अमेरिकी राष्ट्रपतिलाई प्रदान गरेको घोषणा गरेकी थिइन् ।

यद्यपि, नोबेल शान्ति पुरस्कार चयन समितिले नोबेल पुरस्कारको उपाधि पुरस्कृत व्यक्तिबाहेक अर्कोलाई दिने प्रावधान नभएको बताएको थियो । माचाडोले सन् २०२५ को नोबेल पदक ट्रम्पलाई उपहार दिएपछि शान्ति पुरस्कार प्रदान गर्ने नर्वेली नोबेल समितिले भनेको थियो, 'यसले प्रदान गर्ने वास्तविक सम्मान 'खारेज गर्न वा बाँड्न वा अरूलाई हस्तान्तरण गर्न सकिदैन ।'

लामो समयदेखि नोबेल शान्ति पुरस्कारको लागि आकाङ्क्षा देखाएका ट्रम्पले फेब्रुअरीको अन्त्यमा इजरायलसँगको संयुक्त अगुवाईमा इरानमाथि हवाई आक्रमण गरेका कारण मध्यपूर्व युद्धमा आलोचित भएका हुन् । ओस्लोमा नोबेल पुरस्कार लिन गत डिसेम्बरमा भेनेजुएला छाड्नुअघि लुकेर बसेकी माचाडोले वासिङ्टनसँगको समन्वयमा स्वदेश फर्कने योजना बनाएरहेकी छन् । 'म अमेरिकी सरकारसँग कुरा गरिरहेकी छु र हामी आपसी सम्मान र समझदारीका साथ समन्वयमा काम गरिरहेका छौँ,' उनले भनिन् ।

उनले भेनेजुएलामा 'लोकतान्त्रिक सङ्क्रमणलाई अगाडि बढाउनका लागि वासिङ्टन' महत्वपूर्ण रहेको बताइन्। भेनेजुएलाका विपक्षीहरूले गत हप्ता राष्ट्रपतीय निर्वाचनको आह्वान गरेका थिए। भविष्यमा हुने निर्वाचनमा भाग लिने कि नलिने भन्ने कुरा नबताएकी मचाडोलाई सन् २०२४ को राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी दिन प्रतिबन्ध लगाइएको थियो ।

# पालिकाको सिमाना हेरफेर गर्न नयाँ मापदण्ड, चार चरण पार गर्नुपर्ने व्यवस्था प्रस्ताव




***काठमाडौं, ०५ बैशाख***

सरकारले गाउँपालिका, नगरपालिका तथा वडा तहको सङ्ख्या र सिमाना हेरफेरलाई व्यवस्थित बनाउने उद्देश्यले नयाँ मापदण्डको मस्यौदा तयार पारेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले तयार पारेको 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' मा सिमाना परिवर्तनका लागि चार तहको प्रक्रिया अनिवार्य गरिएको छ । मस्यौदाअनुसार पहिलो चरणमा जिल्ला समन्वय समितिको संयोजकत्वमा अध्ययन समिति गठन हुनेछ । समितिमा स्थानीय तहका प्रतिनिधि, नापी र मालपोत कार्यालयका प्रमुख, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि तथा अन्य सम्बन्धित निकाय रहनेछन् । यो समितिले जनसङ्ख्या, भूगोल, सेवा पहुँच लगायतका आधारमा अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन बुझाउनुपर्नेछ ।

दोस्रो चरणमा उक्त प्रतिवेदनका आधारमा सम्बन्धित गाउँसभा वा नगरसभामा प्रस्ताव पेश गरिनेछ । प्रस्ताव पारित गर्न कुल सदस्य संख्याको दुई तिहाइ बहुमत अनिवार्य गरिएको छ ।

तेस्रो चरणमा प्रदेश सरकारले प्रस्तावको अध्ययन गरी आवश्यक मापदण्ड पूरा भएमा सङ्घीय सरकारसमक्ष सिफारिस गर्नेछ ।

अन्तिम चरणमा सङ्घीय मामिला मन्त्रालयमार्फत प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद् मा पेस गरिनेछ । मन्त्रिपरिषद्ले स्वीकृति दिएपछि मात्र सिमाना वा सङ्ख्या परिवर्तन लागू हुनेछ । मन्त्रालयले यो मस्यौदामाथि सुझाव लिन सातै प्रदेश सरकारलाई तीन दिनको समय दिँदै परिपत्र पठाएको छ । प्रदेशबाट आएका सुझावका आधारमा मस्यौदा संशोधन हुन सक्ने मन्त्रालयले जनाएको छ ।

# जेनजेड एण्ड यूथ अफ बाराद्वारा सुवर्ण गाउँपालिकामा समिति गठन



***शु.आ. सम्बाददाता***
***बारा, ०५ बैशाख***

जेनजेड एण्ड यूथ अफ बारा अन्तर्गत सुवर्ण गाउँपालिकामा नगरस्तरीय समिति गठन गरिएको छ । हालै सम्पन्न भेलाले प्रशासन यादवको अध्यक्षतामा ११ सदस्यीय सुवर्ण गाउँपालिका नगर कमिटी गठन गरेको हो ।

कार्यक्रम सौरभ पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको थियो। भेलामा स्थानीय युवाहरूको उल्लेखनीय उपस्थिति रहेको आयोजकले जनाएको छ ।

नवगठित समितिमा युवाहरूलाई संगठित गर्दै नेतृत्व विकास, सामाजिक उत्तरदायित्व र स्थानीय स्तरमा सकारात्मक परिवर्तनका गतिविधि अघि बढाउने उद्देश्य राखिएको छ ।

कार्यक्रममा सुरज साह, सुरज खनाल, अशोक पाण्डेय, राजु यादव, रामानन्द यादव, हरिओमलगायतको सक्रिय उपस्थिति रहेको थियो ।

आयोजकका अनुसार समितिले शिक्षा, रोजगारी, सामाजिक सचेतना तथा युवाको क्षमता विकासजस्ता क्षेत्रमा काम गर्ने योजना बनाएको छ। साथै, स्थानीय समस्यामा युवाको सक्रिय भूमिका बढाउँदै नीति-निर्माण प्रक्रियामा समेत सहभागिता विस्तार गर्ने लक्ष्य लिइएको छ ।

स्थानीय युवाहरूले यस्तो संगठनले गाउँपालिकामा युवाको आवाजलाई संगठित र प्रभावकारी बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरेका छन् ।

## पर्साका........

यस्ता आरोप सत्य भएमा यसले सशस्त्र प्रहरी बल नेपालको संस्थागत विश्वसनीयतामाथि नै प्रश्न उठाउनेछ । सीमा सुरक्षा जस्तो संवेदनशील क्षेत्रमा जिम्मेवार निकायबाटै कमजोरी वा संलग्नता देखिनु दीर्घकालीन रूपमा राष्ट्रिय सुरक्षाका लागि गम्भीर चुनौती बन्न सक्छ ।

यस विषयमा सम्बन्धित निकायबाट निष्पक्ष छानबिन, जिम्मेवार व्यक्तिमाथि कारबाही तथा सीमा नाकामा प्रभावकारी निगरानीको व्यवस्था तत्काल आवश्यक देखिएको छ । अन्यथा, पर्साका सीमा नाका 'तस्करहरूको साम्राज्य'को रूपमा स्थापित हुने जोखिम बढ्दै गएको छ ।

## बारागढीमा......

चर्चा पनि चल्न थालेको छ । परिवर्तनको एजेन्डा बोकेर संगठन विस्तारमा सक्रिय मनोज चौधरी, किरण चौधरी, हरिओम मैनाली, भरत रुम्बा, जगदेव चौधरी, रामपुकार चौधरी, इश्वर चौधरीलगायत कार्यकर्ताहरू सक्रिय भइरहेका बेला केही नेताहरू व्यक्तिगत स्वार्थमा केन्द्रित रहेको आरोप स्थानीय स्तरमै उठ्न थालेको छ। यसैक्रममा, सोही समूहले कोल्हबी स्वास्थ्य चौकीको अनुगमन गर्दा औषधिको अभाव र सेवा व्यवस्थापन कमजोर रहेको पाइएको थियो । स्वास्थ्यकर्मीहरूले आवश्यक औषधि तामागढी अस्पतालबाट ल्याएर सेवा सञ्चालन गरिरहेको बताएका थिए । तर अनुगमनका क्रममा कर्मचारीसँग गरिएको सामान्य सोधपुछको भिडियो काटछाँट गरेर सामाजिक सञ्जालमा राखिएको भन्दै भ्रम फैलाउने प्रयास भएको दाबी गरिएको छ ।

घटनापछि एक असन्तुष्ट कार्यकर्ताले आक्रोश व्यक्त गर्दै भने, "परिवर्तनका लागि घरदैलोमा भोट माग्ने बेला हामी चाहिने, तर निर्णय र अवसर बाँड्ने बेला केही सीमित समूह मात्रै अगाडि आउने हो भने जनतालाई के जवाफ दिने?"

यो अभिव्यक्ति केवल एक व्यक्तिको असन्तुष्टि मात्र नभई रास्वपाले अघि सारेको 'परिवर्तन'को नारामाथि उठेको गम्भीर प्रश्नका रूपमा हेरिएको छ । यदि पार्टीभित्रै इमानदार कार्यकर्ताको आवाज दबाउने, गुटका आधारमा अवसर बाँड्ने र परिवर्तनकारी पहललाई कमजोर पार्ने प्रवृत्ति बढ्दै जाने हो भने नयाँ राजनीतिक विकल्पप्रति जनविश्वास घट्ने खतरा देखिन्छ ।

बारागढीमा जनता अन्यायविरुद्ध संगठित हुँदै अघि बढिरहेका बेला कोल्हबीमा भने परिवर्तनकारी शक्तिभित्रै खुट्टा तान्ने प्रवृत्ति देखिनु विडम्बनापूर्ण मानिएको छ । यस्तै अवस्था जारी रहे 'परिवर्तन'को नारा व्यवहारमा नभई भाषणमै सीमित हुने चिन्ता बढ्दै गएको छ ।

## झगडा..........

रहेको बताइन्छ ।

यसअघि पनि फागुन महिनामा कटहरिया ५ का उमेश साह सनारको छोरीको विवाह समारोहमा जन्तीमाथि कुटपिट गर्नुका साथै युवतीलाई उठाएर लैजाने धम्की दिएको आरोप उनीहरूमाथि लागेको छ ।

ईलाका प्रहरी कार्यालय कटहरियाले घटनाको पुष्टि गर्दै पक्राउ परेकाहरूलाई थप कारबाहीका लागि गरुडा पठाएको प्रहरी सहायक निरीक्षक अनुठा राय यादवले जनाए ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी ओमप्रकाश आचार्यका अनुसार उनीहरू नियन्त्रणमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

## ब्रह्मपुरीमा....

अभियानको यो पहिलो चरण हो । उनले भने , हाम्रो उद्देश्य भनेको देशका विभिन्न भागमा रहेका दक्ष जनशक्तिलाई आफ्नो माटोसँग जोड्नु र स्थानीयलाई सहज स्वास्थ्य पहुँच पुर्‍याउनु हो । आगामी दिनमा अन्य विशेषज्ञ चिकित्सकहरूबाट पनि सेवा उपलब्ध गराउने हाम्रो योजना छ ।

यस शिविरको समापनसँगै ग्रामीण भेगका बिरामीहरूले विशेषज्ञ चिकित्सकबाट निःशुल्क परामर्श पाउँदा निकै राहत महसुस गरेका छन्।

## सडक..........

क्षेत्र खाली गराउने तयारी गरिएको प्रशासनले जनाएको छ। यसअन्तर्गत अस्थायी तथा स्थायी संरचना हटाइने छन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल का अनुसार समन्वयात्मक बैठकको निर्णयअनुसार अतिक्रमण हटाउने कार्यमा डोजर प्रयोग गरिनेछ । "सबै तयारी पूरा भइसकेको छ, अब सिधै डोजर चलाइन्छ," उनले बताए ।

प्रशासनले अभियानलाई प्रभावकारी बनाउन राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा सर्वसाधारणसँग सहयोगको अपिल गरेको छ। साथै, अतिक्रमण हटाउने कार्यमा अवरोध सिर्जना गरे कानुनअनुसार कडाइका साथ कारबाही गरिने चेतावनी पनि दिइएको छ ।

सडक विस्तार तथा संरक्षणका लागि सुरु गर्न लागिएको यो अभियानले ट्राफिक व्यवस्थापन, दुर्घटना न्यूनीकरण र सार्वजनिक आवागमन सहज बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

विश्रामपुर गाउँपालिका, विश्रामपुर, बारा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

महागढीमाई नगरपालिका, बरियारपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# खेतमा काम गरिरहेका युवकको चट्याङ लागेर मृत्यु, कोल्हबी शोकमा

***शु.आ. सम्बाददाता***
***बारा, ५ बैशाख***

बारा जिल्लाको कोल्हबी नगरपालिका-५ सोनाभारमा खेतमा काम गरिरहेका एक पुरुषको चट्याङ लागेर मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ३२ वर्षीय लुटावन चौधरी रहेका छन्।



जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शनिबार दिउँसो ठूलो हावाहुरीसहित आएको वर्षाका क्रममा छठिघाट नजिकको खेतमा काम गरिरहेका बेला चौधरीलाई चट्याङ लागेको हो। चट्याङ लागेपछि उनी खेतमै ढलेका थिए।

घटनास्थलमै गम्भीर घाइते भएका चौधरीलाई सँगै रहेका स्थानीयवासीले तत्कालै घरतर्फ ल्याएका थिए। तर घर पुर्‍याउँदासम्म उनको मृत्यु भइसकेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता विजयराज पण्डित का अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

मृतक चौधरीका श्रीमती र दुई छोरा रहेका छन्। आकस्मिक घटनाले परिवार शोकमा डुबेको छ भने गाउँभरि नै शोकको वातावरण छाएको स्थानीयहरूले बताएका छन्।

वर्षायाम सुरु भएसँगै चट्याङका घटनाहरू बढ्ने भएकाले सतर्क रहन र खुला स्थानमा काम गर्दा विशेष सावधानी अपनाउन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ।

# रौतहटको राजपुरमा नेपाल मुस्लिम शान्ति समाजको शाखा कार्यालय उद्घाटन

***शु. आ. सम्बाददाता***
***रौतहट, ५ वैशाख***

जिल्लाको राजपुर नगरपालिकामा नेपाल मुस्लिम शान्ति समाजको जिल्ला शाखा कार्यालय एक विशेष समारोहका बीच उद्घाटन गरिएको छ। राजपुर नगरपालिका वडा नं. ६ पानीटंकीस्थित तरकारी बजार नजिकै स्थापना गरिएको उक्त कार्यालयको राजपुर नगरपालिकाका नगर प्रमुख मोहम्मद राजिक आलमले रिवन काटेर विधिवत् उद्घाटन गरेका हुन्।



उद्घाटन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै नगर प्रमुख आलमले समाजको चौतर्फी विकासका लागि हरेक पुस्ताको भूमिका उत्तिकै महत्त्वपूर्ण हुने उल्लेख गरे। उनले मानिसले आफ्नो सोच र दृष्टिकोणमा परिवर्तन ल्याउन सके समाजमा व्याप्त आधाभन्दा बढी समस्याहरू स्वतः समाधान हुने जिकिर गरे।

नगर प्रमुख आलमले भन्ने :आजको युवा पुस्ताले सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्न थालेका छन्। युवाहरूको यही सक्रियताले नै समाजमा जरो गाडेर बसेका सामाजिक विकृति र विसंगतिहरूको अन्त्य गर्नेछ। विशिष्ट व्यक्तित्वहरूको उपस्थिति कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा समाजसेवीहरूको बाक्लो उपस्थिति रहेको थियो। समारोहमा विशिष्ट अतिथिका रूपमा:मोहम्मद अली (बाबुसाहेब): केन्द्रीय सदस्य, जनमत पार्टी

हारुन रशिद: मधेस प्रदेश सदस्य, नेपाली कांग्रेस

सुवास पहाडी: प्रमुख, सशस्त्र प्रहरी बेस क्याम्प फतुहा

संजय शाह: राजपुर नगर अनुसन्धान सूचक

यस्तै कार्यक्रममा समाजसेवीहरू, समाजका सक्रिय सदस्यहरू, र सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। महोत्तरीको ऐतिहासिक रौजा मजारमा मुख्य कार्यालय रहेको नेपाल मुस्लिम शान्ति समाजको सञ्जाल विश्वका विभिन्न मुलुकहरूमा फैलिएको छ। यस संस्थामा लाखौं सदस्यहरू आबद्ध रहेका छन्, जसले विशेष गरी वैदेशिक रोजगारीमा रहेका र स्वदेशमा रहेका गरिब तथा असहाय नागरिकहरूको सेवामा निरन्तर काम गर्दै आएका छन्। राजपुरमा आयोजित सो कार्यक्रम शाखा अध्यक्ष सदाम हुसैनको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा उपाध्यक्ष लगायत संस्थाका विभिन्न पदाधिकारीहरू र अप्रवासी मजदुर कतार शाखा कार्यालयका सदस्यहरूको समेत उपस्थिति रहेको थियो।

शाखा कार्यालय स्थापना भएसँगै अब स्थानीय स्तरमा रहेका विपन्न परिवारलाई सहयोग पुर्‍याउन र सामाजिक सद्भाव कायम राख्न थप सहज हुने विश्वास लिइएको छ।

# पर्सामा ११ सदस्यीय कार्यसमिति गठन, पीडित किसान र महिला उद्यमीका समस्या संकलन गर्ने निर्णय

***पवन प्रसाद साह***
***पर्सा, ०५ बैशाख***

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल जिल्ला कार्यसमिति पर्साको संयोजक शम्भु प्रसाद चौरसियाको अध्यक्षतामा आज बसेको बैठकले ११ सदस्यीय कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ। नवगठित कार्यसमितिको अध्यक्षमा शम्भु प्रसाद चौरसिया चयन भएका छन् भने उपाध्यक्षमा चन्द्रिका सहनी र राजेश चौहान रहेका छन्।



त्यस्तै, सचिवमा अजय पौडेल, सह-सचिव तथा प्रवक्तामा पवन प्रसाद साह र कोषाध्यक्षमा उदित सहनी चयन भएका छन्। सदस्यहरूमा हरिनारायण चौरसिया, बिरेन्द्र प्रसाद यादव, राजेश गुप्ता लगायत रहेका छन्।

बैठकले जिल्लाभित्र गैर-बैंकिङ सम्पत्ति, घरजग्गा लिलामी तथा कालोसूचीमा परेका किसान र महिला उद्यमीहरूको समस्या संकलन गर्ने महत्वपूर्ण निर्णय समेत गरेको छ। यसका लागि सम्बन्धित पीडितहरूबाट फारम संकलन गरी दुर्गा प्रसाई नेतृत्वमा रहेको केन्द्रीय समितिअन्तर्गत अर्थ तथा ऋण विभाग सचिवालयमा यहि १२ गते भित्र पठाइने निर्णय गरिएको छ। कार्यसमितिले पीडितहरूको हक-हितका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा थप सक्रिय रूपमा काम गर्ने जनाएको छ।

# सीमा नाकामा भन्सार कडाइ : मधेशमा जनजीवन प्रभावित, सर्वसाधारण मारमा

***हरिकिशोर शर्मा***
***पर्सा, ०५ बैशाख***

नेपाल-भारत खुला सीमाअन्तर्गत पर्सासहित मधेशका विभिन्न सीमावर्ती नाकाहरूमा भन्सार प्रशासन र सुरक्षा निकायको कडाइ बढेपछि सर्वसाधारणको दैनिक जनजीवन प्रभावित हुन थालेको छ। साना किनमेलदेखि घरायसी प्रयोजनका सामग्री ल्याउँदा समेत कर तिर्नुपर्ने बाध्यताले सीमावासी नागरिकहरू मारमा परेका छन्।



सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरेपछि यसको प्रत्यक्ष असर स्थानीय जनतामा परेको हो। यसअघि व्यवहारमा पाइँदै आएको अनौपचारिक छुट हटाइएपछि सप्तरीदेखि पर्सासम्मका सीमावर्ती क्षेत्रमा आर्थिक भार र प्रशासनिक झन्झट दुवै बढेको स्थानीयहरूको गुनासो छ।

स्थानीय एक बासिन्दा भन्छन्, "दैनिक प्रयोगका सामान्य सामान ल्याउँदा पनि कर तिर्नुपर्दा खर्च बढेको छ। सानो किनमेल पनि अब झन्झटिलो भएको छ।" सरकारको उक्त नीति बालेन्द्र साह नेतृत्वको सरकारको निर्णयअन्तर्गत लागू गरिएको बताइए पनि मधेशको भुइँतहको यथार्थ नबुझेको भन्दै आलोचना बढ्दै गएको छ। भारतीय नम्बर प्लेटका सवारीसाधनमाथि लगाइएको प्रतिबन्धले समेत सीमावर्ती जिल्लाहरूमा आवागमन र व्यापारिक गतिविधिमा असर पारेको स्थानीयहरूको भनाइ छ।

सीमानाकाहरूमा पछिल्ला दिनहरूमा असामान्य र तनावपूर्ण अवस्था समेत देखिन थालेको छ। जटही नाका हुँदै विवाहका लागि आवश्यक सामग्री ल्याउँदै गरेकी एक महिलालाई सुरक्षाकर्मीले भन्सार तिर्न बाध्य बनाएपछि उनी भारततर्फै अलपत्र परेको घटना सार्वजनिक भएको छ, जसले सर्वसाधारणले भोगिरहेको समस्या थप उजागर गरेको छ।

नेपाल र भारत बीच सदियौंदेखि कायम धार्मिक, सांस्कृतिक र पारिवारिक सम्बन्धलाई 'रोटी-बेटी' सम्बन्धका रूपमा लिइन्छ। तर हालको कडाइले यस्ता परम्परागत सम्बन्धमा समेत असर पर्ने चिन्ता व्यक्त हुन थालेको छ।


राजनीतिक दल, नागरिक अगुवा तथा स्थानीय बासिन्दाले सरकारसँग व्यवहारिक र सहुलियतपूर्ण नीति ल्याउन माग गरेका छन्। उनीहरूको भनाइमा, राजस्व संकलनको उद्देश्य राखेर गरिएको कडाइले सीमावासीको दैनिकी नै कठिन बनाएको छ।

सरकारले सीमा सुरक्षा र राजस्व नियन्त्रणलाई सन्तुलित ढंगले अघि बढाउँदै सर्वसाधारणलाई सहज हुने नीति अवलम्बन गर्नुपर्ने आवश्यकता देखिएको छ।

# ब्रह्मपुरीमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्नः ८० जना लाभान्वित

***शु. आ. सम्बाददाता***
***रौतहट, ०५ वैशाख***

जिल्लाको राजदेवी नगरपालिका वडा नं. ९ ब्रह्मपुरीमा एकदिवसीय निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ। स्थानीय नागरिकहरूलाई घरदैलोमै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ आयोजित उक्त शिविरमा ठुलो संख्यामा स्थानीयहरूको उपस्थिति रहेको थियो।



सामाजिक अभियन्ता नवीन कुमार सिंहको विशेष सक्रियता र पहलमा आयोजित यस शिविरलाई राजदेवी नगरपालिका वडा नं. ९ को वडा कार्यालय तथा स्वास्थ्य चौकी ब्रह्मपुरीले प्राविधिक र व्यवस्थापकीय समन्वय गरेका थिए।

शिविरमा वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. नवीन कुमार सिंहले बिरामीहरूको स्वास्थ्य जाँच तथा परामर्श सेवा प्रदान गरेका थिए। शिविरमा राजदेवी नगरपालिकाका विभिन्न वडाहरू ४, ५, ६, ७, ८ र ९ लगायत छिमेकी दुर्गा भगवती गाउँपालिकाका नागरिकहरूको समेत सहभागिता थियो।

कुल सेवाग्राही: ८० जना महिला: ५६ जनापुरुष: २४ जना स्वास्थ्य परीक्षणका क्रममा अधिकांश बिरामीहरूमा घुँडाको समस्या, बाथ रोग तथा कुरकुचाको दुखाइ (**Plantar Fasciitis**) जस्ता समस्याहरू बढी देखिएको डा. सिंहले जानकारी दिए। कार्यक्रममा राजदेवी नगरपालिकाका उप-प्रमुख राजकुमारी देवी र समाजसेवी पवन किशोर साहको विशेष उपस्थिति रहेको थियो। उनीहरूले ग्रामीण स्तरमा यस्ता विशेषज्ञ सेवाहरू सञ्चालन हुनु प्रशंसनीय रहेको बताउँदै आयोजक तथा चिकित्सक टोलीलाई धन्यवाद ज्ञापन गरे।

शिविर व्यवस्थापनमा स्वास्थ्य चौकी ब्रह्मपुरीका स्वास्थ्यकर्मीहरू संजय केशरी, सञ्जु दास, राम प्रकाश यादव, र राम श्रेष्ठ यादवले सक्रिय भूमिका निभाएका थिए। त्यसैगरी नगरपालिकाका स्वास्थ्य संयोजक रमाकान्त यादव तथा स्थानीय युवाहरू रत्नाकर सिंह, सोनु दास, अमन बैठा लगायतले शिविरलाई व्यवस्थित बनाउन उल्लेखनीय योगदान पुर्‍याएका थिए। आफ्नै जन्मभूमिमा सेवा दिन पाउँदा खुसी व्यक्त गर्दै डा. नवीन कुमार सिंहले आगामी दिनमा अन्य वडाहरूमा पनि यस्ता शिविरहरू विस्तार गर्ने प्रतिबद्धता जनाए। स्वास्थ्य संयोजक रमाकान्त यादव र स्वास्थ्यकर्मी संजय केशरीले विशेषज्ञ सेवालाई गाउँसम्म ल्याउने पहलको उच्च सम्मान गर्दै प्रशंसा गरे। सामाजिक अभियन्ता नवीन कुमार सिंहका अनुसार राजदेवी नगरपालिकाबाट विभिन्न स्थानमा कार्यरत विशेषज्ञ डाक्टरहरूलाई समेटेर आफ्नै पालिकामा सेवा प्रदान गर्ने

बाँकी तेश्रो पृष्ठमा

# पर्सामा सडक अतिक्रमण हटाउने अभियान वैशाख ६ गते अर्थात आजदेखि, नहटाए डोजर चलाइने

***पर्सा, ०५ बैशाख***

जिल्ला प्रशासन कार्यालय पर्साले मुख्य सडक क्षेत्रको अतिक्रमण हटाउने अभियान वैशाख ६ गते बिहानदेखि सुरु गर्ने भएको छ। प्रशासनले जारी गरेको सूचनाअनुसार गण्डक-मितेरी पुल सडक खण्डअन्तर्गत नेपाल-भारत सीमादेखि गण्डक नहर चोकसम्मको क्षेत्र खाली गराइनेछ।



प्रशासनले सम्बन्धित सबैलाई तोकिएको समयसीमा भित्र आ-आफ्ना संरचना, पसल तथा अन्य अवरोध हटाउन निर्देशन दिएको छ। वैशाख ६ गते बिहान साढे ४ बज्नुअघि नै क्षेत्र खाली नगरे बल प्रयोग गरी हटाइने चेतावनी समेत दिइएको छ। राष्ट्रिय राजमार्ग मापदण्डअनुसार सडकको दायाँ-बायाँ २५/२५ मिटर

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका